बिष्णुपुर गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बिष्णुपुर, सप्तरी
प्रदेश नं. २ सप्तरी

प.स. २०७८।७९
च.न २४१

मिति : २०७८।०५।०१०

## स्वेच्छिक रुपमा सामाजिक सुरक्षा भत्ता लिन नचाहने नागरिकलाई सम्मान गर्ने सम्वन्धमा

प्रस्तुत सम्वन्धमा राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभागको च.नं.३१५ प.स.२०७८।०७९ मिति २०७८।०४।२८ गतेको पत्र बमोजिम नेपाल सरकारले सत्तरी वर्ष माथिका जेष्ठ नागरकि, अन्य जेष्ठ नागरिक (साठी वर्ष माथिका सबै दलित नागरिक), एकल महिला, विधवा, पूर्ण अपाङ्गता भएका, अति अशक्त अपाङ्गता भएका, अति अशक्त अपाङ्गता, लोपोन्मुख जाती र तोकिएको क्षेत्र तथा समुदायका बालबालिकालाई सामाजिक सुरक्षा भत्ता प्रदान गर्दै आएको व्यहोरा विद्धितै छ ।

सोही सन्दर्भमा सामाजिक सुरक्षा नियमावली, २०७६ को नियम १४ मा सामाजिक सुरक्षा एने, २०७५ बमोजिम कुनै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिले त्यस्तो सामाजिक सुरक्षा भत्ता लिन नचाहेको घोषणा गर्न सक्ने प्रावधान भएको र सोही नियमावलीको नियम (१५) मा सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपले लिन नचाहने नेपाली नागरिकलई स्थानीय तहले सम्मान गरी प्रमाणपत्र दिनुपर्ने व्यवस्था उल्लेख छ । साथै, सामाजिक सुरक्षा भत्ताको मुल मर्म आर्थिक रुपले विपन्न, अशक्त र असहाय अवस्थामा रहेको, असहाय एकल महिला, अपाङ्गता भएका आफ्नो हेरचाह आफै गर्न नसक्ने तथा लोपोन्मुख जातिका नागरिकको जीवनयापनमा आइपर्ने जोखिम न्यूनीकरण गर्नु तथा उपभोगमा संघाउ पुऱ्याउनु भएको हुँदा सामाजिक सुरक्षा भत्ता प्राप्त गरेका तथा प्राप्त गर्न योग्य लाभग्राहीले उल्लेखित मर्मलाई आत्मसाथ गरी सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपमा त्याग गर्न आफैंमा सराहनीय कार्य हो ।

सोही वमोजिम ~~सामाजिक~~ सामाजिक सुरक्षा भत्ता स्वेच्छिक रुपमा लिन नचाहने नेपाली नागरिकहरुलाई विष्णुपुर गाउँपालिका साथै राष्ट्रिय परिचय पत्र तथा पञ्जीकरण विभाग समेतले प्रमाणपत्र सहित भव्य सम्मान गर्ने व्यवस्था रहेकोले उक्त नागरिकहरुले आफ्नो विवरण सम्बन्धित वडा कार्यालय वा गाउँपालिकामा जानकारी गराउन हुन अनुरोध छ ।

०७८।५।१०

रामलखन महेता
प्रशासन प्रमुख

**बोधार्थ :**
श्री वडा कार्यालय (सबै)
विष्णुपुर गाउँपालिका बिष्णुपुर - सप्तरी

प्रशासन प्रमुख